# सुदूरपश्चिमको साँघुरो हार

काठमाडौं, पुस २६ (नागरिक)- अन्तिम पाँच ओभरमा १६ रन बनाउन असफल भएपछि सुदूरपश्चिम प्रदेश प्रधानमन्त्री कप ट्वान्टी-२० क्रिकेटमा सोमबार विभागीय टोली नेपाल पुलिस क्लबमाथि जित निकाल्न चुक्दा त्रिभुवन आर्मी क्लब, बाग्मती प्रदेश र सशस्त्र प्रहरी बल (एपिएफ) क्लबले सुखद सुरुआत गरेका छन्।

मूलपानी क्रिकेट मैदानमा ९४ रनको झीनो लक्ष्य पछ्याएको सुदूरपश्चिम निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ९१ रन मात्र बनाएपछि साँघुरो हार बेहोर्न बाध्य भयो। अन्तिम पाँच ओभरमा चार विकेट बाँकी छँदा १६ रन आवश्यक भए पनि सुदूर अनुभवी पुलिसका बलरसामु निरीह बन्यो। पुलिसका आरिफ शेख, दीपेन्द्रसिंह ऐरी र करण केसीले अन्तिम पाँच ओभरमा निकै कसिलो बलिङ गरेपछि सुदूरपश्चिम जितनजिक पुगेर पनि पराजित भयो। अन्तिम ओभरमा पनि सुदूरलाई जितका लागि ६ रन आवश्यक भए पनि करणले तीन रन मात्र दिए। आरिफले चार ओभरमा ९ रन मात्र खर्चिएर ४ विकेट लिँदा करण केसी, पवन सर्राफ र दीपेन्द्रसिंह ऐरीले १/१ विकेट लिँदै झीनो लक्ष्य जोगाए।

मध्यम सुरुआत गरेको सुदूरका लागि ओपनरद्वय गजेन्द्र बोहोराले २७ रन र खडक बोहोराले १३ रन बनाए। सातौं ओभरको अन्तिम बलमा दीपेन्द्रसिंहले गजेन्द्रलाई एलबिडब्लु आउट गरेपछि सुदूरले एकपछि अर्को विकेट गुमाउन पुग्यो। यद्यपि, मध्य क्रमका नारायण जोशीले इनिङ समाल्ने प्रयास गरे पनि करणले उनलाई आरिफबाट क्याच गराए। आठौं विकेटका रूपमा आउट भएका नारायणले २२ रन जोड्दा समान दुई छक्का र चौका हिर्काए। त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पुलिसले पनि मध्यम सुरुआत गरे पनि पहिलो विकेटपछि लगातार विकेट गुमायो। २० ओभर नै खेलेको पुलिस आठ विकेटको क्षतिमा ९३ रन मात्र जोड्न सफल भयो। ओपनरद्वय कुशल भुर्तेलले २१ रन र पवन सर्राफले २० रन बनाए। छैटौं ओभरको पाँचौं बलमा पवन नारायण जोशीको बलमा पवेलियन फर्के। मध्य क्रमका आरिफले १० रन बटुल्नुबाहेक अन्यले दोहोरो अंकमै रन बटुल्न सकेनन्। सुदूरपश्चिमका नारायण जोशी र आदित्य महताले समान तीन विकेट लिँदा शेर मल्लको नाममा दुई विकेट रह्यो। राष्ट्रिय टोलीका खेलाडीको बाहुल्य रहेको पुलिसविरुद्ध सुदूरले राम्रो बलिङ गरे पनि ब्याटिङ चल्न नसक्दा हार बेहोर्‍यो।

सोमबार नै अर्को विभागीय टोली त्रिभुवन आर्मीले कर्णाली प्रदेशलाई ६३ रन र एपिएफले प्रदेश-२ लाई २४ रनले हराउँदै सुखद सुरुआत गर्दा बाग्मतीले लुम्बिनी प्रदेशमाथि ४९ रनको जित निकाल्यो। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा १ सय १७ रन पछ्याएको कर्णाली १४.४ ओभरमा ५३ रनमै अलआउट भएपछि आर्मीले सहज जित निकाल्यो। आर्मीका तीव्र गतिका बलर जितेन्द्र मुखियासामु कर्णाली निरीह बन्यो। उनले कर्णालीका शीर्ष तीन ब्याट्सम्यान कप्तान रवीन्द्रलाई १५ रनमा एलबिडब्लु सिकार गर्दा विपिन रावल र हेमन्त ओलीलाई शून्यमै बोल्ड गरे।

जितेन्द्रले चार ओभरमा चार विकेट लिँदा १५ रन मात्र खर्चिए। सुशन भारी र साहब आलमले समान दुई विकेट निकाल्दा विक्रम सोब र सोमपालको नाममा समान एक विकेट रह्यो। त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको १० खेलाडीमा सीमित आर्मीले १९.१ ओभरमा अलआउट हुनुअघि १ सय १६ रन बनायो। सोनु तामाङ ब्याटिङमा रिटायर्ट हर्ट भएपछि फिल्डिङमा १० खेलाडीमा सीमित थियो। म्याच रेफ्री समीर खानले आर्मीका प्लेयर सिटमा नाम रहेका सोनु ब्याटिङमा नआउनुको कारण स्पष्ट हुन नसकेकाले विभागीय टोलीलाई फिल्डिङमा एक खेलाडीबिना खेल्नुपर्ने नियम लागू गरे। आर्मीले फिल्डिङमा अर्को खेलाडी पठाए पनि अम्पायरले अस्वीकार गरेका थिए।

आर्मीका लागि कप्तान विनोद भण्डारीले सर्वाधिक २९ रन बनाउँदा हरि चौहानले २० रन बटुले। कुशल मल्ल र रोहित पौडेलले समान १० रन बनाउँदा अन्यले दोहोरो अंकमा रन बटुल्न सकेनन्। कर्णालीका प्रकाश जैसीले तीन र अनुज चुनाराले दुई विकेट निकाले। ओपनरद्वय प्रदीप ऐरी र आसिफ शेखको अर्धशतकीय योगदानमा एपिएफले प्रदेश-२ माथि २४ रनको जित निकाल्यो। प्रदीपले ६० रन बटुल्दा ९ चौका हिर्काए। आसिफको ६३ रनको इनिङमा तीन चौका र पाँच छक्का रह्यो। कठिन लक्ष्य पछ्याएको प्रदेश-२ ले निर्धारित ओभर नै खेले पनि ९ विकेटको क्षतिमा १ सय ३९ रन मात्र बटुल्यो।

अर्को खेलमा सुवास खकुरेलको अर्धशतकीय प्रेरणामा बाग्मतीले लुम्बिनीमाथि ४९ रनको जित निकाल्यो। १ सय १५ रनको लक्ष्य पछ्याएको लुम्बिनी १५.४ ओभरमा ६५ रनमै समेटियो। बाग्मतीका नन्दन यादवले तीन विकेट तथा रामनरेश गिरि, सुवास खत्री र तिलक भण्डारीले समान दुई विकेट लिँदै लुम्बिनीको इनिङ धराशयी बनाए। लुम्बिनीका कप्तान कृष्ण कार्कीले १६ रन र बसिर अहमदले ११ रन बनाए। त्यसअघि बाग्मतीले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदा १ सय १४ रन बनायो। बाग्मतीका सुवासले ५१ बनाए।



आसिफ शेख

# संकटालाई हिमालयनको साथ




काठमाडौं, पुस २६ (नागरिक)- हिमालयन बैंकले सहिद स्मारक 'ए' डिभिजन क्लब संकटालाई १० लाख रूपैयाँ प्रायोजन गरेको छ।

सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर राणा र संकटा क्लबका महासचिव रमेशध्वज बस्नेतले हस्ताक्षर गरे। सम्झौताअनुरूप बैंकले सो रकम खेलाडीहरूको तयारी तथा खेलमा आवश्यक पर्ने सरसामान खरिद गर्न उक्त क्लबलाई प्रदान गरेको हो। हिमालयन बैंकले विगतदेखि नै देशमा विभिन्न खेलकुद तथा खेलाडीहरूको विकास र प्रवर्द्धनमा सहयोग प्रदान गर्दै आएको छ। कार्यक्रममा बैंकका महाप्रबन्धक अनुप मास्केलगायत अन्य वरिष्ठ पदाधिकारीसहित संकटा क्लबका अध्यक्ष इन्द्रमान तुलाधरलगायत अन्य प्रतिनिधिको उपस्थिति थियो। जारी लिगमा आठ खेलको समाप्तिमा १४ अंक बटुलेको संकटा तालिकाको तेस्रो स्थानमा छ।

# जेभियरलाई भ्याली पब्लिक कप




काठमाडौं, पुस २६ (नागरिक)- जेभियर इन्टरनेसनल कलेजले सोमबार प्रथम भ्याली पब्लिक अन्तरकलेज (प्लस टु) ब्वाइज बास्केटबल प्रतियोगिताको उपाधि जितेको छ।

कपनको भंगालस्थित आयोजक भ्याली पब्लिकको कोर्टमा भएको प्रतियोगिताको फाइनलमा जेभियरले आयोजक भ्याली पब्लिकलाई ५५-३७ ले पराजित गर्‍यो। जेभियरका सम्राट भूमिले १६ अंक जोडे। प्रतियोगितामा जेभियरका सम्पन्न गुरुङ 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए।

प्रतियोगितामा साइपाल एकेडेमी तेस्रो भयो। साइपालले ट्रिनिटी इन्टरनेसनल कलेजलाई ४८-३१ ले हरायो। साइपालका साहिल तामाङले १७ स्कोर गरे। विजेतालाई लेखक डिआर (दयाराम) सिम्खडा, भ्याली पब्लिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पूर्वमेजर लीलबहादुर गुरुङ, प्रिन्सिपल कृष्ण अधिकारी, प्रशासन प्रमुख महेश अधिकारी, कन्सुलर स्वीकृति अधिकारी, भद्रकालीकी प्रिन्सिपल अनिता अधिकारीलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

पुस २१ गतेदेखि सुरु भएको प्रतियोगितामा ८ टोलीले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेको प्रतियोगिता संयोजक पूर्ण न्यौपानेले जनाएका छन्। विगत लामो समयदेखि विद्यालयस्तरीय बास्केटबल प्रतियोगिता आयोजना गर्दै आएको भ्याली पब्लिकले पहिलो पटक अन्तरकलेज बास्केटबल आयोजना गरेको हो। विद्यालयस्तरीय बास्केटबलले पनि निरन्तरता पाउने संयोजक न्यौपानेले बताए।

# सेन्ट्रल ओपन मंगलबारबाट

काठमाडौं, पुस २६ (नागरिक)- सूर्य नेपाल गल्फ टुरअन्तर्गतको तेस्रो इभेन्ट सूर्य नेपाल सेन्ट्रल ओपन मंगलबारबाट हुँदै छ।

गोकर्ण गल्फ क्लबमा हुने प्रतियोगिता कुल ७२ होलको हुनेछ। ३६ होलको समाप्तिमा शीर्ष २१ स्थानमा रहने गल्फर फाइनल प्रवेश गर्नेछन्। जहाँ उनीहरूले ३६ होलमा प्रतिस्पर्धा गर्नेछन्। कुल ३९ व्यावसायिक गल्फरको सहभागिता रहने प्रतियोगिताको विजेताले एक लाख ३५ हजार, दोस्रो स्थानका खेलाडीले ८८ हजार र तेस्रो स्थानको खेलाडीले ६५ हजार रूपैयाँ हात पार्नेछन्।

प्रतियोगितामा शुक्रबहादुर राई, भुवन नगरकोटी, जयराम श्रेष्ठ, सञ्जय लामा, धन थापा, रामे थापा र रवि खड्कासहित शीर्ष गल्फरले सहभागिता जनाउने बताइएको छ।






# Arjundhara Municipality

## Office Of Municipal Executive

**Jhapa**

Province No.1, Nepal

## Invitation for Online Bids

Date of publication: 2078/09/27 (11th Jan 2022)

1. The ***Arjundhara Municipality*** invites following bids under National competitive bidding.

| S.No | Description of Works | Contract Identification No. | Estimated amt NRs (Without VAT & PS ) | Bid Security (NRs) | Bid document fee | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction Of Agricultural Market on Arjundhara-08 | AM/NCB/ WORKS/11-078/79 | 1,27,00,643 | 3,75,000/- | 3000/- | - |
| 2 | Construction Of Meeting Hall on top floor of Municipality Building With interior Works and CC camera Installation | AM/NCB/ WORKS/12-078/79 | 1,41,66,252 | 4,15,000/- | 3000/- | - |

Eligible Bidders may obtain further information from **Arjundhara Municipality office** ***Jhapa, Telephone number: 023-465502/023465503 email id : arjundharamun@gmail.com*** or may visit PPMO website www.bolpatra.gov.np/egp.

2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit non-refundable fee of Rs. 3000 in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   ***For Bid Document Fee***

   *Name of the Bank: NIC Asia Bank*

   *Name of Office: Arjundhara Municipality Office, Jhapa*

   *Office Account no.:0092050511258012 (Antarik Rajaswo Khata)*

4. Pre-bid meeting shall be held at the Arjundhara Municipality Office, Jhapa at 1 PM on 2078-10-17 ( 31st Jan 2022 )
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12PM on 2078-10-27(10th Feb 2022) Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1 PM on 2078-10-27(10th Feb 2022) at the office of the **Arjundhara Municipality Office, *Jhapa***.Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in .pdf format amounting to Rs mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.

   ***Account Details for Bid Security***

   *Name of the Bank: NIC Asia Bank*

   *Name of Office:Arjundhara Municipality Office*

   *Office Account no.: 0092050511258018 (Darauti Khata)*

7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**






नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ४२६५१००, फ्याक्स : ४२५२२६२, इमेल : nagarik@nagariknews.com, प्रबन्ध निर्देशक : विनोदराज ज्ञवाली, निर्देशक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल